कार्यपालिकाको बैठक संख्याः ४

मितिः २०८२।०८।२३

आज मिति २०८२ साल मंसिर २३ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

<u>समय : बिहान ८:३० बजे</u>

## <u>उपस्थिति</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २) /सदस्य | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३) /सदस्य | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४) /सदस्य | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५) /सदस्य | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६) /सदस्य | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७) /सदस्य | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | |
| १३. | श्री गंगा अर्याल | सदस्य | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

<u>आमन्त्रीतः</u>

| | | | |
|---|---|---|---|
| १. | टँकु प्र. पन्थी | प्रशासकीय अधिकृत | |
| २. | प्रकाश थापा | [illegible] | |
| <u>सहयोगी कर्मचारी</u> | [illegible] | [illegible] | |
| १. | [illegible] पौडेल | | |

कार्यपालिकाको बैठक संख्याः ४ मितिः २०८२।०८।२३

## प्रस्तावहरु

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. संगठन तथा व्यवस्थापन सर्वेक्षण(O&M Survey) गर्ने सम्बन्धमा।

३. पहिलो चौमासिक समिक्षा र सार्वजनिक सुनुवाई सम्बन्धमा।

४. घाट निर्माणका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा।

५. सामाजिक र आर्थिक विकास समितिका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

६. वर्षायामको सडक मर्मतको रकम भुक्तानि गर्ने सम्बन्धमा।

७. आधारभूत अस्पतालको लागि जनशक्ति व्यवस्थापन (भर्ना) सम्बन्धमा।

८. गाउँपालिकाको सेवा प्रवाह सम्बन्धी नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने सम्बन्धमा।

९. आर्थिक सहायता सम्बन्धमा।

१०. रकम माग गर्ने सम्बन्धमा।

११. विविध सम्बन्धमा।

क) रकम माग सम्बन्धमा।

ख) वोटेपुछर लिफट खा. पा. को पम्प र मोटर मर्मतको रकम भुक्तानि गर्ने सम्बन्धमा।

ग) भट्टेचौर खा.पा. वडा नं ४ को पम्प खरिद गर्ने सम्बन्धमा।

घ) जस्तापाता सहयोग सम्बन्धमा।

अ) शेर बहादुर पेमी गुल्मीदरबार १

आ) सिता खड्का (मसिना) गुल्मीदरबार २

ङ) पहिरो रोकथामको (गुल्मीदरबार २) लागि सहयोग सम्बन्धमा ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ४

मितिः २०८२।०८।२३

## निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति २०८२।०७।१७ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यवयनमा विलम्ब भएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं २

लुम्बिनी प्रदेश स्थानीय निजामति सेवा ऐन, २०८१ को परिच्छेद-३, दफा ५ र नियमावली २०८१ को परिच्छेद-३ नियम १३ मा उल्लिखित कानूनी व्यवस्था बमोजिम यस गुल्मीदरबार गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने उक्त कार्यका लागि मानव संशाधन विज्ञको विज्ञता प्रयोग गर्ने र मानव संशाधन विज्ञले अन्तिम प्रतिवेदन पेश गरे पश्चात पारिश्रमिक एकमुष्ठ रु. १,९५,०००।- (अक्षरुपि रु. एक लाख पन्चानब्बे हजार मात्र) दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ३

प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गुल्मीदरवा गाउँपालिकाका विषयगत शाखा र गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट आर्थिक वर्ष २०८३/०८३ को पहिलो चौमासिकमा सम्पादित कार्यहरुको समिक्षा र सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन २०६४ दफा (३०) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७८) मा उल्लेखित सार्वजनिक सुनुवाई तपसिलको मिति, स्थान र समयमा गर्ने निर्णय गरियो।

तपसिल

मितिः २०८२ पौष ४ गते शुक्रबार

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ४ मितिः २०८२।०८।२३

स्थानः गाउँपालिकाको सभाहल गौडाकोट

समयः ११:०० बजे विहान चौमासिक समिक्षा

१:०० बजे दिनको सार्वजनिक सुनुवाई

निर्णय नं ४

प्रस्ताव नं ४ माथी छलफल गर्दा नेपालको चार धाम मध्य एक रुरु क्षेत्र धाम र कालिगण्डकी नदीको वहाव क्षेत्रमा निर्माणाधिन शवदाहघाट निर्माणमा आर्थिक कठिनाई रहेको सो कार्यको निर्माण सम्पन्न गर्न कम्तिमा १० लाख साझेदारी वजेट व्यवस्था गर्न भनि रुरु क्षेत्र गाउँपालिका गुल्मीदारा (मिति २०८२।०८।०८ च. नं. ४८२) अनुरोध भई आएकोमा आज बसेको गुम्मीदरवार गाउँकार्यपालिकाको बैठकले रु १० लाख रकम साझेदारी गर्ने निर्णय गरियो।

निर्णय नं ५

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति मा बसेको आर्थिक समिति र सामाजिक विकास समितिबाट सर्वसम्मत सिफारिस भएको तपसिलका योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो।

सामाजिक विकास समितिबाट अनुमोदनको लागि पेश भएका

| प्रदेश शसर्त अनुदानः चालु | | | |
|---|---|---|---|
| क्र. सं. | वजेट शिर्षक | रकम | कैफियत |
| क | दलित तथा जनजाति लक्षित कार्यक्रम | रु. १० लाख | |
| १ | दलित तथा जनजाति वृतचित्र निर्माण | रु. ३ लाख | |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | पञ्चेबाजा, डम्फु, खैजडी, मादल, हारमोनियम लगायता बजाउने तालिम तथा सामाग्री वितरण तथा मर्मत | रु. ३ लाख | |
| ३ | दलित तथा जनजाति सचेतना कार्यक्रम | रु. १ लाख | |
| ४ | आरन सुधार कार्यक्रम | रु. २ लाख | |
| ५ | जनजाति संस्कृति संरक्षण कार्यक्रम | रु. १ लाख | |
| **ख** | **लघुउद्यम कार्यक्रम रु १० लाख** | **रु १० लाख** | |
| १ | ताना मेशिन सहित ढाका बुनाई तालिम तथा औजार | रु. ५ लाख | |
| २ | मेशिनबाट दुनाटपरी स्तरोन्नति तालिम तथा औजार | रु. ५ लाख | |
| **ग** | **महिला सशक्तिकरण कार्यक्रम** | **रु १० लाख** | |
| १ | महिला नेतृत्व तथा क्षमता विकास | रु. २ लाख | |
| २ | आमा समूहलाई फर्निचर लगायतका सामाग्री वितिरण (दर्तावाला आमासमूह) | रु. ४ लाख | |
| ३ | चलचित्र कार्यक्रम(दृष्टी फाउण्डेशनले महिला अधिकार र सवालका विषयमा निर्मित चलचित्र) | रु. १ लाख | |
| ४ | सामाजिक मनोसामाजिक परामर्श कार्यक्रम | रु. ३ लाख | |
| **घ** | **सिपमुलक कार्यक्रम रु १० लाख** | **रु १० लाख** | |
| १ | ड्राईभिङ्ग तालिम | रु. ३ लाख | |
| २ | व्युटिसियन तालिम तथा सामाग्री वितरण | रु. ३ लाख | |
| ३ | साबुन सरफ अगरबत्ति बाध्यवादन तालिम | रु. २ लाख | |
| ४ | सिकर्मीको लागि अटोमेशन आरा मेशिन वितरण कार्यक्रम | रु. २ लाख | |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ङ | **खेलकुद विकास कार्यक्रम रु ८ लाख** | **रु. ८ लाख** | |
| १ | कबड्डी खेलका लागि म्याट खरिद | रु. ३ लाख | |
| २ | खेलकुद सामाग्री खरिद | रु. १ लाख | |
| ३ | पालिकास्तरीय ब्याटमिन्टन तथा भलिवल कार्यक्रम | रु. ३ लाख | |
| ४ | खेलकुद समितिलाई फर्निचर सहयोग | रु. १ लाख | |
| संघीय शसर्त कार्यक्रम | | | |
| क | **जिविकोपार्जन सुधार कार्यक्रम रु ९ लाख** | **रु ९ लाख** | |
| १ | कृषि पशुपालन तथा उत्पादनमूलक क्षेत्र | रु. ९ लाख | |

## आर्थिक विकास समितिबाट अनुमोदनको लागि पेश भएका

| प्रदेश शशर्त अनुदानः चालु | | | |
|---|---|---|---|
| क सं | वजेट शिर्षक | रकम | कार्यक्षेत्र |
| क | **कृषि फलफुल तथा पशुपालन प्रवर्द्धन कार्यक्रम** | रु ५० लाख | वडा नं १- ७ |
| १ | मत्स्यपालन कार्यक्रम अर्न्तगत पोखरी निर्माण | रु ३.५ लाख | वडा नं १- ७ |
| २ | टनेल प्रविधिबाट तरकारी खेती प्रवर्द्धन कार्यक्रम | रु १० लाख | वडा नं १- ७ |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम अर्न्तगत मौरिका घार वितरण | रु ५ लाख | वडा नं १- ७ |
| ४ | पशुपालन प्रवर्द्धन अर्न्तगत भकारो तथा खोर सुधार कार्यक्रम | रु १० लाख | वडा नं १- ७ |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ५ | कम्बाईन मिल र ह्वीन मेशिन खरिद | रु १० लाख | वडा नं १- ७ |
| ६ | मिन टिलर र ट्रयाकटर खरिद | रु १० लाख | वडा नं १- ७ |
| ७ | अनुगमन तथा बैठक व्यवस्थापन | रु १.५ लाख | |
| **ख** | **हेफर मार्फत सञ्चालन गरिने कार्यक्रमहरु** | **रु ६ लाख** | |
| १ | कुखुरापालन कार्यक्रम | रु २ लाख | |
| २ | उखु प्रवर्द्धन कार्यक्रम | रु १ लाख | |
| ३ | फलफुल बगैचा निर्माण कार्यक्रम | रु १ लाख | |
| ४ | मत्स्यपालन कार्यक्रम भुरा तथा दाना खरिद तथा वितरण | रु १ लाख | |
| ५ | तरकारी विउ वितरण | रु १ लाख | |
| **ग** | **पशुपंक्षी रोग नियन्त्रण कार्यक्रम** | **रु १० लाख** | |
| १ | माईक्रोस्कोप डिजिटल खरिद | ०.५ लाख | |
| २ | लिक्युड नाईट्रोजन भण्डार गर्ने कन्टेनर खरिद | रु १ लाख | |
| ३ | कुकुर छोप्ने जारी खरिद | रु १ लाख | |
| ४ | रेफ्रिजेनेरेटोर खरिद | ०.५ लाख | |
| ५ | औषधि खरिद | ४ लाख | |
| ६ | खोप पारिश्रमिक | रु १ लाख | |
| ७ | विभिन्न रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | रु २ लाख | |
| | संघीय सशर्त | | |
| १ | कोल्ड च्याम्वर निर्माण | १५ लाख | वडा नं ३ |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | साना सिंचाई प्रवर्द्धन कार्यक्रम | १९.५० लाख | वडा नं १- ७ |
| ३ | बाखा प्रवर्द्धन कार्यक्रम | ४.५ लाख | वडा नं ५ |
| ४ | बाखा नयाँ पकेट विकास कार्यक्रम सञ्चालन | १५ लाख | वडा नं ४ |
| पालिका स्तरीय कार्यक्रम | | | |
| २ | साना कृषि उपकरण वितरण | २ लाख | |
| ३ | कफि तथा मसला बाली कार्यक्रम | ३ लाख | |

<u>निर्णय नं ६</u>

प्रस्ताव नं ६ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिका अर्न्तगतका विभिन्न स्थानमा बर्षा याममा मर्मत भएका सडकहरुको हाल सम्म भनि भुक्तानि हुन नसकेकोमा आज बसेको गाउँकार्यपालिकाको बैठकले प्राविधिक स्टिमेट, नापि किताव, वडा तथा गाउँपालिका सिफारिसका आधारमा भुक्तानि गर्ने निर्णय गरियो।

<u>निर्णय नं ७</u>

प्रस्ताव नं ७ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिका अर्न्तगत गुल्मी दरवार आधारभूत अस्पतालमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रस्तावित दरवन्दी अनुसार विभिन्न पदमा पद रिक्त रहेको हुँदा तत्कालको लागि प्रशासन सेवा श्रेणीः राप. अनं. प्र. नायव सुब्वा (संख्याः १) र प्रशासन सेवा तहः विहिन सरसफाइकर्मी (संख्याः २)मा पदपूर्तिको लागि दरखास्त आह्वान गर्ने निर्णय गरियो।

<u>निर्णय नं ८</u>

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ४

मितिः २०८२।०८।२३

प्रस्ताव नं ८ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकाबाट शासन, विकास र सेवा प्रवाहमा नागरिक सन्तुष्टिको स्तर मापन गर्ने र सो बाट प्राप्त सुझावहरुलाई आगामी मार्गदर्शनको रुपमा लैजाने गरि नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने निर्णय गरियो।

निर्णय नं ९

प्रस्ताव नं ९ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँपालिकामा बसोवास गर्ने कमजोर आर्थिक अवस्था भएका/विपद्मा परि धन-जनको क्षति भएका/अनाथ/अशाहाय/आफ्नो हेरचाह आफै गर्न नसक्ने तपसिलका व्यक्तिलाई आर्थिक सहायता गर्ने निर्णय गरियो।

तपसिल

| क सं | नाम थर /ठेगना | सहायता रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | नारायण प्रसाद श्रेष्ठ गुल्मीदरवार | ४०,०००।- | विपद् व्यवस्थापन | गोठ आगोलागि भई पशु चौपायाको मृत्य |
| २ | सुस्मा राई गुल्मीदरवार ६ | ३०,०००।- | आर्थिक सहायता | वैदेशिक रोजगारीमा गएको श्रीमानको मृत्यु |

निर्णय नं १०

क) प्रस्ताव नं ९ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिका वडा नं २ स्थित जुभुङ्ग स्वास्थ्य चौकी जुभुङ्गको स्तरोन्नती गर्नुपर्ने भएकाले नेपाल सरकार स्वास्थ्य मन्त्रालय संग आवश्यक रकम माग गर्ने निर्णय गरियो।

ख) गुल्मीदरवार गाउँपालिका वडा नं ७ अवस्थित वोटेपुछर लिफ्ट खा. पा. को पम्प र मोटर विग्रेकाले खानेपानिको नियमित आपूर्ति गर्न कठिनाई भएको भनि वोडेपुच्छर लिफ्ट खानेपानी

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

समितिबाट मर्मतका लागि अनुरोध भएकोमा **पाईप तथा खानेपानि मर्मत संहार शिर्षकबाट** मर्मत तथा भुक्तानि गर्ने निर्णय गरियो।

ग) गुल्मीदरबार गाउँपालिका वडा नं ७ स्थित सिद्धार्थ सामुदायिक सिकाई केन्द्रको कार्यालमा विधुत जडान नभएको कारण प्रशासनिक कार्य सञ्चालनमा कठिनाई भएको भनि समितिबाट विधुतीकरणको लागि निवेदन भई आएकोमा प्राविधिक स्टिमेट र वडा सिफारिसका आधारमा रु. १४५००।- **संस्थागत सहयोग शिर्षकबाट** भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) गुल्मीदरवार गाउँपालिका वडा नं ४ अवस्थित भट्टेचौर खानेपानी योजनाको पम्प पूर्ण रुपले क्षति भएको र नयाँ खरिद गर्नुपर्ने भनी भट्टेचौर खानेपानी सञ्चालन समितिबाट गाउँपालिका समक्ष अनुरोध भई आएकोमा आज बसेको गाउँकार्यपालिकाको बैठकले उक्त खानेपानि योजनाको लागि आवश्यक नयाँ पम्प खरिद गरी उपलब्ध गराउने निर्णय गरियो।

ङ)

अ) गुल्मीदरवार गाउँपालिका बलिथुम नेटा वडा कार्यालय मोटर बाटो स्तरोन्नती वडा नं.१ शेरवहादुर पेमीको घर सामु बाटो साँगुरो हुँदा मेसिन आवतजावतमा समस्या रहेको साथै, शेरवहादुर पेमीले गाउँपालिकाबाट जस्तापाताको उपलब्ध गराएको खण्डमा घर स्थानान्तरण गरी सडक निर्माण कार्यलाई सहयोग गर्ने आशय व्यक्त भएकोमा आज बसेको गाउँकार्यपालिकाको वैठकले प्राविधिक स्टिमेटको आधारमा निजलाई जस्तापाता उपलब्ध गराउने निर्णय गरियो।

आ) गुल्मीदरवार गाउँपालिका वडा नं २ निवासी अति विपन्न तथा शारिरिक रुपमा असक्त सिता खड्का (मसिना) को विभिन्न व्यक्ति/संघ-संस्था/समुदायको सहयोगबाट घर निर्माण

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्य भईरहेकोमा उक्त निर्माण कार्यका लागि आवश्यक पर्ने जस्तापाता गाउँपालिकाबाट उपलब्ध गराउने  निर्णय गरियो।

च) गत असोज महिनामा आएको अविरल वर्षाका कारण गुल्मीदरबार गाउँपालिका वडा नं २ अर्न्तगत चिरनपोखरा सडक खण्डमा पहिरो गई घर तथा गोठ जोखिममा रहेकाले दशैं सडक मर्मत तथा आवतजावत गर्न कठिनाई भएको र उक्त घर तथा गोठ पहिरोबाट जोगाउन **विपद् व्यवस्थापन खर्च शिर्षकबाट** रु. १ लाख वरावरको मेसिनरी वाल निर्माण गर्ने निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं १ देखि १० सम्म

प्रमाणित गरिन्छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत